# आन्तरिक राजस्व कार्यालय, पोखराको

# मूल्यअभिवृद्धि कर विवरण पेश नगरेकाहरुलाई विवरण पेश गर्ने सम्वन्धी सूचना

आर्थिक ऐन, २०७७ को दफा २१ ले सम्बत् २०७५ असार मसान्त सम्मको मूल्य अभिबृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिबृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिबृद्धि कर र सो मा लाग्ने ब्याजको पचास प्रतिशतले हुने सम्बत् २०७७ फागुन मसान्त भित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिन्हा हुने व्यवस्था गरेको हुँदा उल्लेखित अवधि भन्दा अघिको मूल्य अभिबृद्धि कर विवरण पेश नगरेका करदाताहरुले तोकिएको समयावधि भित्र मूल्य अभिवृद्धि कर विवरण पेश गरी जरिवाना, थप दस्तुर तथा ब्याज मिन्हाको सुविधा उपयोग गर्नुहुन यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।